annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १५९, पृष्ठ ८ | काठमाडौं, मंगलबार २० असोज २०८३ | आश्विन शुक्लपक्ष एकादशी नेपाल संवत् ११४६ | TUESDAY, OCTOBER 6, 2026 | मूल्य : रु. १०

कांग्रेस महाधिवेशन

सुधारको छनक, नेता व्यवस्थापनको 'तनाव'

एकातिर नीतिको पुनर्गठन, अर्कातिर राजनीतिक संस्कारको रूपान्तरण- कांग्रेसको १५औं महाधिवेशनमा प्रस्तुत गगन थापा र विश्वप्रकाश शर्माका प्रतिवेदनले पार्टीको 'के गर्ने' र 'कसरी गर्ने' भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास गरेका छन्। भावी चुनावी गठबन्धन त्याग्ने र तल्लो तहलाई अधिकार सम्पन्न बनाउने घोषणा भइरहँदा केन्द्रीय समितिको आकार २ सय ९७ सदस्यीय पुऱ्याएर नेता व्यवस्थापनको पुरानै शैली भने दोहोरिएको छ।

राधा खनाल | *काठमाडौं*

समाचार पृष्ठ २

अन्नपूर्ण फलोअप

फास्ट ट्र्याकमा विलम्ब

सेनाको खरिद प्रक्रियामा योजना आयोग सदस्यले उठाए प्रश्न

भवनाथ प्याकुरेल | *काठमाडौं*

काठमाडौंलाई तराईसँग जोड्ने लाइफलाइन मानिएको फास्ट ट्र्याक आयोजना अहिले नीतिगत झन्झट र खरिद प्रक्रियाको पर्खालभित्र थुनिएको छ। चार वर्षको भाका नाघिसक्दा पनि आधामात्रै काम सकिएपछि राष्ट्रिय गौरवको आयोजनामा प्रगतिमा आलोचना भइरहेको छ। चौतर्फी दबाबबीच ढिलो गरी भए पनि सरकार आयोजनाका गाँठाहरू फुकाउँदै निर्माणलाई तीव्र गति दिने नीति र कार्यविधि परिवर्तनको गृहकार्यमा तातिएको छ।

चार वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित नेपाली सेनालाई जिम्मा दिइएको आयोजना वर्षौं बितिसक्दा पनि भौतिक प्रगति ५० प्रतिशतको हाराहारीमा सीमित भएपछि निर्माणमा देखिएका अवरोध हटाउने विषयमा बहस तीव्र भएको हो।

राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजंग थापाले फास्ट ट्र्याक निर्माणमा खरिद प्रक्रिया, सामग्रीको स्पेसिफिकेसन, डिजाइन स्वीकृति, निर्माण व्यवसायीमाथि लगाइएको जरिबाना, बजेट अभाव र खोकना विवादले आयोजनाको गति प्रभावित भएको बताएका छन्।

थापाले नेपाली सेनाले यसअघि यस्तो प्रकृतिको ठूलो पूर्वाधार आयोजना निर्माण नगरेकाले खरिद प्रक्रिया र सामग्री छनोटमा कमजोरी भएको बताएका छन्। उनका अनुसार आयोजनाका केही खरिद प्रक्रियामा निश्चित कम्पनी वा ब्रान्डको सामग्रीमात्रै प्रयोग गर्नुपर्ने गरी स्पेसिफिकेसन तयार गरिएको पाइएको छ। 'नेपाली सेनाको तर्फका परामर्शदाताले पनि केही गल्ती गरेको देखियो। यस्तो किसिमको काम सेनाले यसअघि गरेको थिएन। त्यसैले खरिद प्रक्रियामा उहाँहरू पनि नयाँ हुनुहुन्थ्यो। त्यस क्रममा केही दलालहरू पनि त्यहाँ छिरेछन्,' थापाले अन्नपूर्णसँग सोमबार साँझ भने।

नेपाली सेनाका सूचना अधिकारी राजाराम बस्नेतले फास्ट ट्र्याक निर्माणमा आफूहरूले मुख्यत: आयोजनाको भौगोलिक अवस्था, जग्गा प्राप्ति, सुरुङ तथा पुल निर्माण र प्राकृतिक विपद्को चुनौती सामना गर्नु परेको बताएका छन्। आयोजनामा करिब ११ किलोमिटर सुरुङ र १० देखि ११ किलोमिटर पुल निर्माण गर्नुपर्ने तथा केही पुल ८१ मिटरसम्म अग्ला हुने भएकाले काम प्राविधिक रूपमा जटिल रहेको उनले बताए।

थापाका अनुसार जियोटेक्निकललगायत प्राविधिक सामग्री खरिद गर्दा कुनै एउटा कम्पनी वा ब्रान्डलाई मात्रै लक्षित गरेर स्पेसिफिकेसन बनाउन मिल्दैन। तोकिएको गुणस्तर पूरा गर्ने समान प्रकृतिका अन्य उत्पादनलाई समेत प्रतिस्पर्धामा सहभागी गराउनुपर्ने उनको भनाइ छ।

» बाँकी पृष्ठ ५

७७ वर्षका झलनाथको अझै 'राजनीतिक तृष्णा'

दिनेश गौतम | *काठमाडौं*

प्रधानमन्त्री भइसकेका झलनाथ खनालसँग सत्ताको अनुभव छ। नेकपा एमालेका पार्टी अध्यक्ष भइसकेका उनीसँग संगठन चलाएको अनुभव पनि छ। तर, अहिले उनीसँग न संसद्को जिम्मेवारी छ, न पार्टीको सर्वोच्च नेतृत्व।

जीवनको साढे सात दशक पार गरिसकेका खनाल 'वाम वाम सँगै जाऔं'को अभियान सुरु गर्ने दिशामा छन्। वाम एकतालाई आफ्नो राजनीतिक अभियानको केन्द्र बनाउने बाटोमा छन्। जीवनको उत्तरार्धमा उनले नयाँ कदम चालेका छन्। ७७ वर्षीय खनालले सोमबार वाम एकतामा जोड दिँदै घोषणा गरे- 'समाजवादी जागरण अभियान।'

विज्ञान शिक्षकका रूपमा विद्यार्थीलाई पढाउँदा पढाउँदै वामपन्थी राजनीतिमा आकर्षित भएका हुन्, खनाल। ६ दशक लामो राजनीतिक जीवनमा मन्त्री र प्रधानमन्त्री भइसकेका उनी उत्तरार्धमा पार्टीविहीन हुन पुगेका छन्। अहिले उनी कार्यकर्तालाई मार्क्सवाद र लेनिनवादको अध्ययनमा जोड दिइरहेका छन्। 'कम्युनिस्ट तथा वामपन्थी शक्ति विभिन्न समूहमा विभाजित र विशृंखलित छन्,' खनालले भने, 'बृहत् वाम एकता आजको आवश्यकता हो।' तर, खनाल नेकपा एमालेमा रहँदा होस् वा नेकपा (एकीकृत समाजवादी) मा छँदा होस्, पार्टीभित्र सधैं असन्तुष्ट भइरहे।

» बाँकी पृष्ठ ५



२००६ चैत ६
इलाममा जन्म।

२०२३
वाम राजनीतिमा प्रवेश र मेची विद्यार्थी युनियनको अध्यक्ष।

२०२५
कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त।

२०२६–२०४६
पञ्चायतकालमा ५ पटक गरी ७ वर्ष जेल जीवन।

२०४७
नेकपा एमाले स्थायी समिति सदस्य; कृषि, भूमिसुधार तथा वनमन्त्री।

२०४८ र २०५१
इलाम-१ बाट लगातार दुई पटक सांसद निर्वाचित।

२०५४
सूचना तथा सञ्चारमन्त्री।

२०८२
नेकपाको वरिष्ठ नेता।

२०५६ र २०७९
इलामबाट पराजित।

२०७८
नेकपा (एकीकृत समाजवादी) का संस्थापक एवं सम्मानित नेता।

२०६७
२०६७ माघ २३ गते नेपालको ३५ औं प्रधानमन्त्री।

२०६५ फागुन
आठौं महाधिवेशनबाट एमाले अध्यक्ष निर्वाचित।

२०६५
नेकपा (एमाले) को कार्यवाहक महासचिव।

२०६४ र २०७०
इलामबाट दुवै संविधानसभा निर्वाचनमा विजयी।